# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

☎ सम्पर्कः ९८५७८२४२५३
✉:info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


प.सं. (Letter No.):२०७८/०७९
च.नं. (Ref. No.): 9680

मिति (Date):२०७८।१२।२२

विषयः बोलपत्र स्वीकृत तथा सम्झौता सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालय द्वारा मिति २०७८/१०/२५ गते मंगलबार, जन सवाल राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दरखास्त परेका बोलपत्रहरु मिति २०७८/११/२६ गते बोलपत्रहरु खोल्न गठित समितिले बोलपत्रहरु खोली मूल्याङ्कन समितिमा पेश भई मूल्याङ्कन समितिले उक्त बोलपत्रहरुको प्राविधिक, आर्थिक तथा व्यापारिक पक्षको मूल्याङ्कन गरी दिएको प्रतिवेदनको आधारमा मिति २०७८।१२।०८ गते बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भईसकेको छ।

सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (३) मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेको सात दिनभित्र कुनै बोलपत्रदाताले उक्त ऐनको दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनौट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरीद सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्नेछ भन्ने कुरा उल्लेख भएको छ। तसर्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा उल्लेख भएको अवधि भित्र उक्त सूचना सम्बन्धमा कुनै निवेदन नपरेकोले कार्यालयबाट तपशिल बमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएकोले उक्त बोलपत्र स्वीकृत गरिएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (४) बमोजिमको कार्यसम्पादन जमानत दाखिला गरी ऐ. ऐनको दफा २७ को उपदफा (३) मा उल्लेख भएको अवधि भित्र सम्झौता गर्न आउनुहुन अनुरोध छ।

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

| ठेक्का नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | बोलपत्रको विवरण | कबोल अंक (VATसहित) | कार्यसम्पादन जमानत |
|---|---|---|---|---|
| 07/WORKS/NCB/SRM/2078/079, | Yatru Nirman sewa Pvt. Ltd, Rukum West | Construction Of Melchaur Talikhola Lift Water Supply Project Sanibheri 5 Rukum (West) | NRS. 21,28,335.80 | NRS. 2,57,000.00 २०८० भाद्र १५ सम्म |
| 08/WORKS/NCB/SRM/2078/079, | Yatru Nirman sewa Pvt. Ltd, Rukum West | Construction Of Pokhari Lift Water Supply Project Sanibheri 5 Rukum (West) | NRS. 20,25,915.49 | NRS. 4,27,000.00 २०८० भाद्र १५ सम्म |